राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस विज्ञप्ति

२०७५ माघ ८

## डा.गोविन्द के.सी. को जीवन रक्षा गर्न आग्रह

चिकित्सा शिक्षामा सुधारको लागि नेपाल सरकारसँग विगतमा भएका सम्झौताहरुको कार्यान्वयनको माग राखी १४ दिनदेखि आमरण अनसनरत डा. गोविन्द के.सी.को स्वास्थ्य अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगले अनसनरत डा. के.सी. को स्वास्थ्य अवस्था सम्वन्धमा अनुगमन गरिरहेको छ । आयोगको टोलीले महाराजगञ्ज स्थित शिक्षण अस्पताल पुगेर डा. के.सी. को स्वास्थ्य अवस्थावारे अनुगमन गरेको छ ।

चिकित्सा शिक्षा जस्तो आधारभूत मानव अधिकारको विषयप्रति संवेदनशील हुन सम्वन्धित पक्षलाई आयोग आग्रह गर्दछ । डा. के.सी. सँग नेपाल सरकारले विगतमा पटक-पटक गरेका सम्झौताहरुमा गम्भीर हुँदै उहाँको जीवन रक्षाका लागि हरसम्भव प्रयास गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ । साथै, आपसी विमतिका विषयहरु सम्वन्धमा वार्ता र संवादको माध्यमवाट समस्याको समाधान गर्न आयोग सम्वन्धित सवै पक्षलाई आग्रह गर्दछ ।

वेद भट्टराई
सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org